आज मिति २०७९ साल जेठ महिना २५ गते शुक्रबारका दिन यस गुर्भाकोट नगरपालिका, नगर कार्यपालिकाको बैठक नं ०२-२०७८/०७९ मा नगर प्रमुख श्री हस्त पुनज्यूको अध्यक्षता एवं निम्नानुसारको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

<u>उपस्थिति:</u>

| सि नं | नाम थर | पद | आवद्ध निकाय | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री हस्त पुन | नगर प्रमुख | नगर कार्यपालिका | |
| २ | श्री मैना बि.क. | नगर उपप्रमुख | नगर कार्यपालिका | |
| ३ | श्री राम बहादुर शाही | वडा अध्यक्ष | वडा नं. १ | |
| ४ | श्री नोख बहादुर वली | वडा अध्यक्ष | वडा नं.२ | |
| ५ | श्री ओम प्रकाश बुढा मगर | वडा अध्यक्ष | वडा नं.३ | |
| ६ | श्री राम बहादुर डाङ्गी | वडा अध्यक्ष | वडा नं.४ | |
| ७ | श्री लाल बहादुर पुन | वडा अध्यक्ष | वडा नं.५ | |
| ८ | श्री गोविन्द वली | वडा अध्यक्ष | वडा नं.६ | |
| ९ | श्री बासुदेव शर्मा | वडा अध्यक्ष | वडा नं.७ | |
| १० | श्री किरण कुमार वि.क. | वडा अध्यक्ष | वडा नं.८ | |
| ११ | श्री ज्ञान बहादुर खत्री | वडा अध्यक्ष | वडा नं.९ | |
| १२ | श्री धमान बहादुर खत्री | वडा अध्यक्ष | वडा नं.१० | |
| १३ | श्री राजन वि.सी. | वडा अध्यक्ष | वडा नं.११ | |
| १४ | श्री तुल्सी प्रसाद शर्मा | वडा अध्यक्ष | वडा नं.१२ | |
| १५ | श्री मधु गुरुङ्ग | वडा अध्यक्ष | वडा नं.१३ | |
| १६ | श्री चन्द्र बहादुर घर्ती | वडा अध्यक्ष | वडा नं.१४ | |
| १७ | श्री प्रेमा घर्ती | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| १८ | श्री वर्षा बुढा | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| १९ | श्री सरस्वती थापा मगर | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २० | श्री राधा ढकाल | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २१ | श्री हरिमाया कामी | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २२ | श्री मनिसरा नेपाली | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २३ | श्री ठगिसरा वि.क. | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २४ | श्री चितेन्द्र वि.क. | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २५ | श्री देव किरण बुढा | सचिव | प्रमुख प्रशासकीय अधिकृत | |

**बैठक संख्याः २/०७८-७९, मिति २०७९।०२।२५ गतेको कार्यपालिका बैठकका निर्णयहरुः**

निर्णय नं.१: बैठक संख्या ०१- ०७८/०७९ को निर्णयमाथी बैठकमा छलफल गरी समिक्षा गरियो ।

निर्णय नं.२: यस गुर्भाकोट नगरकार्यपालिका (कार्य सम्पादन नियामावली) २०७४ को नियम १५ बमोजिम राय, सल्लाह र सुझाब लिनका लागि देहाय बमोजिमको समिति गठन गरियो ।

क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति
- संयोजक- श्री राम बहादुर डाङ्गी
- सदस्य- श्री किरण कुमार वि.क.
- सदस्य- श्री मनिसरा नेपाली
- सदस्य - श्री लाल बहादुर पुन

ख) आर्थिक विकास समिति
- संयोजक- श्री प्रेमा घर्ती
- सदस्य- श्री राधा ढकाल
- सदस्य- श्री ओम प्रकाश बुढा
- सदस्य- श्री तुल्सी प्रसाद शर्मा

ग) सामाजिक विकास समिति
- संयोजक- श्री बासुदेव शर्मा
- सदस्य - श्री ज्ञान बहादुर खत्री
- सदस्य - श्री हरिमाया कामी
- सदस्य - राम बहादुर शाही

घ) पूर्वाधार विकास समिति
- संयोजक- श्री गोविन्द वली
- सदस्य - श्री नोख बहादुर वली
- सदस्य - श्री थमान बहादुर खत्री
- सदस्य - सरस्वती थापा मगर

ङ) वातावरण तथा विपद व्यवस्थापन समिति
- संयोजक - श्री चितेन्द्र वि.क
- सदस्य -श्री वर्षा बुढा
- सदस्य - श्री चन्द्र बहादुर घर्ती

च) विधेयक समिति
- संयोजक- श्री राजन वि.सी.
- सदस्य- श्री किरण कुमार वि.क.
- सदस्य- श्री ठगिसरा वि.क.

निर्णय नं.३: स्थानीय तह संचालन ऐन २०७४ को दफा ६५ बमोजिमको स्थनीय राजस्व परामर्श समितिको खण्ड (ग) अनुसारको तपशिलका सदस्य तोक्ने ।

१. सदस्य- कार्यपालिका सदस्य श्री वर्षा बुढा
२. सदस्य- कार्यपालिका सदस्य श्री किरण कुमार वि.क.

निर्णय नं.४: यस गुर्भाकोट नगरकार्यपालिका (कार्य सम्पादन नियामावली) २०७४ को नियम १७ को उपनियम (१) बमोजिम यस नगरकार्यपालिका सदस्य श्री मधु गुरुङलाई लाइ नगर कार्यपालिकाको प्रवक्ता तोक्ने ।

निर्णय नं.५: यस नगरपालिका वडा नं. ८ मा रहेको सरस्वती आ.वि. को जग्गा खरिद गर्न विनियोजन पुलको सडक निकासम बाँकी रहेको बजेट रकमबाट रु. ६० लाख विनियोजन गर्ने र खरिद प्रक्रियाको लागि विद्यालयलाई अनुदान उपलब्ध गराउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने साथै हाल विद्यालय रहेको जग्गा नगरपालिकाको स्वामित्वमा लिने ।

निर्णय नं.६: ; कर्णाली प्रदेश सरकारको स्थानीय तहमा प्रर्दशनीको लागि औधोगिक प्रर्दशनी निर्माण गर्ने नीति रहेकोले यस नगरपालिकाको वडा नं. ९ मा रहेको बोटेचौर बजार आसपासको क्षेत्रलाई छनौट गर्ने र DPR को लागि प्रक्रिया अगाडी बढाउने ।

निर्णय नं. ७ यस नगरपालिका भूमिहीन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थीत वसोबासीको भूमि सेवा केन्द्रको लागि सर्भेक्षक पद रिक्त संख्या (१) भएको हुँदा रिक्त पदमा विज्ञापन गर्ने नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ७: रकम भुक्तानी सम्बन्धमा ।

क) यस नगरपालिकामा सामुदायिक आँखा उपचार केन्द्र( सर्जिकल सेन्टर) र गुर्भाकोट नगरपालिकाको आयोजनामा निशुल्क मोतिविन्दु अप्रेशन मिति २०७९/०२/१४ र १५ गते संचालन भइ ५६ जना विरामीको शल्याक्रिया व्यवस्थापन खर्च मध्ये पेश भएको विल भरपाइका आधारमा रु. ८० हजार खर्च भैपरी आउने पूजिगत शीर्षकबाट उपलब्ध गराउने । ।

ख) यस नगरपालिकाको व्याक हो लोडर मर्मत खर्च वापत रकम रु. २ लाख ३० हजार रकम भुक्तानी गर्ने ।

निर्णय नं. ८ :यस नगरपालिकाका विभिन्न शाखा योजना तथा कार्यक्रम संशोधन गर्ने भनि प्रस्ताव भएकोमा तपशिल अनुसार संशोधन गर्ने ।

| सि.नं. | योजना कार्यक्रम | बजेट रकम (हजारमा) | संशोधन योजना नाम | बजेट रकम (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | विद्यालय कम्प्युटर प्रिन्टर खरिद | १९०० | प्रा वि तहका विद्यालय | १००० | |
| | | | आधारभूत तहका विद्यालय | ७०० | |
| | | | विपद व्यवस्थापन कोष | २०० | |
| २ | बजार क्षेत्रमा सि सि टि भी जडान | १५०० | CCTV फाइबर लाइन कार्य | ९१६ | |
| | | | CCTV क्यामेरा जडान | ५८४ | |
| ३ | ५०% अनुदानमा अदुवाको विउ वितरण | ३०० | ५०% अनुदानमा अदुवाको विउ वितरण | ८० | |
| | | | ५०% अनुदानमा उन्नत धान र मकै विउ वितरण | २२० | |
| ४ | ५०% अनुदानमा हाते चारामेसिन वितरण | १४० | ५० % अनुदानमा विद्युतिय चारा मेसिन वडा नं. १३ | ११० | |
| | | | ५० % अनुदानमा वोका खरिद | ३० | |
| ५ | कर्मचारी क्षमता विकास तालिम | ५० | उन्नत जातको घाँस(स्मार्ट नेपियर) स्रोत स्थापना | २०० | |
| | पशु खरिदमा ढुवानी | १५० | | | |

निर्णय नं. ९ यस नगरपालिकाका श्रीमान प्रमुख ज्यूको तोक आदेश अनुसार विपद् बाट क्षति भएका संरचनालाइ रु. २० हजार सम्म र आर्थिक सहायताको लागि रु. १० हजार सम्म भुक्तानी गर्न अख्तियारी प्रदान गर्ने ।

निर्णय नं. १० : नेपाल सरकार स्वास्थ्य तथा जनसंख्याबाट शहरी स्वास्थ्य केन्द्र निर्माण मर्मत, तारबार तथा प्रतिक्षालय निर्माणको लागि रु. १,०९२२,०००।- रकम उपलब्ध भएकोमा तपशिलका योजनाहरुलाई कार्यान्वयन गर्न विनियोजन गर्ने ।

१. राम्रीकाडा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण रु. ३३ लाख ।

२. आधारभूत स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्य कर्मी तलब भत्ता रु. २० लाख ।

३. अघिल्लो आ. व. मा निर्माण सम्पन्न आधारभूत स्वास्थ्य केन्द्र निर्माण सोध भर्ना रु. २६ लाख १८ हजार ।

४. शहरी स्वास्थ्य केन्द्र वोटेचौर मर्मत रु. २ लाख ३० हजार ।

५. शहरी स्वास्थ्य केन्द्र बाँयाकाडा छाना मर्मत र प्रतिक्षालय रु. ४ लाख ५२ हजार

६. आधारभूत स्वास्थ्य केन्द्र वडाखोली घेराबार रु. ८ लाख ५० हजार।

७. आधारभूत स्वास्थ्य केन्द्र पिपलटाकुरा घेराबार रु. ५ लाख ८० हजार।

८. आधारभूत स्वास्थ्य केन्द्र कोप्ची प्रतिक्षालय निर्माण रु. ३ लाख ७० हजार।

९. आधारभूत स्वास्थ्य केन्द्र पंडितकान्ला घेराबार निर्माण रु. ५ लाख ।

निर्णय नं.११ यस नगरपालिका तपशिलका योजनाहरु वर्षात तथा अन्य कारणले क्षेती भएकोले मर्मतको लागि विपद व्यस्थापन कोषबाट देहायको बजेट रकम विनियोज़न गरियो ।

१. लाटि ढुङ्गा कोसिघाट कुलो पाइप खरिद तथा जडान वडा नं. ६ रु. २ लाख २० हजार ।

२. खारखोला सिचाइ कुलो मर्मत वडा नं. १४ रु. १ लाख

३. तल्लो अम्बापुर सिचाइ कुलो कल्भर्ट निर्माण वडा नं. १४ रु. ६६ हजार

निर्णय नं. १२ : आगामी आर्थिक वर्ष २०७९/०८० को लागि बस्ती स्तरबाट योजनाहरु छनोट गरी २०७९ साल असार २ गते सम्म नगरपालिकामा पेश गर्ने ।